# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

Phone: 9857836006
E-mail: mandavimun2073@gmail.com
Website: mandavimun.gov.np


पत्र संख्या:२०८०/८१

चलानी नं:

मिति:२०८०/०८/२७

माण्डवीका महिला उध्धमशिलतामा पहिला भन्ने नारा सहित गाउँपालिकाका महिलाहरुमा उध्धमशिलताको विकास गर्नुका साथै परम्परागत लोक सँस्कृतिको जगेर्ना गर्ने उद्‌देश्यले गाउँपालिकाको आ व २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम महिलाहरुलाई पञ्चेबाजा वजाउने तालिममा सहभागी हुन इच्छुकहरुका लागि यो सूचना प्रकाशन गरिएको छ।

तालिममा सहभागी हुनका लागि तपशिल वमोजिमका सर्तहरुको अधिनमा रही यो सूचना प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र गाउँ कार्यपालिकाको कार्यालय वा आ-आफ्नो वडा कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ।

निवेदन परेको मध्येवाट गाउँपालिकाले छनौट गरी कुनै एक समूहलाइ मात्र तालिम दिइने भएकोले तालिमको मिति, समय र स्थान समूहको छनौट पश्चात मात्र तय गरिने यसै सूचनामार्फत जानकारी गराइएको छ।

<u>तपसिल</u>

- तालिममा सहभागी हुन इच्छुकहरुले आ-आफ्नो टोल वस्ती वा समूदायका महिलाहरु मिलि ११-११ जनाको समूह वनाई व्यक्तिगत रुपमा निवेदन दिनु पर्नेछ।पहिलेकै समूह भए नया गठन गर्नुपर्ने छैन।
- समूहको विवरण सहित तालिममा सहभागी हुनका लागि समूहको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ।
- समूहमा आवद्द नभइ व्यक्तिगत रुपमा दिएको निवेदनलाइ मान्यता दिइने छैन।
- तालिम लिइसके पश्चात पञ्चेबाजा वजाउने कार्यलाइ व्यवसायिक रुपमा सञ्चालन गर्नका लागि समूहका तर्फवाट एकमुष्ट रुपमा प्रतिवद्दता जनाउनुपर्नेछ।
- तालिममा सहभागी हुनका लागि माण्डवी गाउपालिकाको स्थायी वासिन्दा भएको हुनु पर्नेछ।

प्रकाश पाण्डे

प्रमुख प्रशासकिय अधिकृत ।

माण्डवी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

प्रकाश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

पञ्चेबाजा तालिममा सहभागी हुन पाउ भनी पेश गरिएको

**<u>निवेदन</u>**

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू
माण्डवी गाउपालिकाको कार्यालय
जस्पुर प्यूठान।

विषयः पञ्चेबाजा तालिममा सहभागिता सम्वन्धमा।

माण्डवी गाउपालिकाले मिति २०८०/०८/२७ गते सूचना प्रकाशन गरी पञ्चेबाजा तालिममा सहभागी हुनका लागि निवेदन माग गरिएकोमा म देहायको विवरण सहित तालिममा सहभागी हुन पाउ भनी यो निवेदन पेश गरेको छु।

१.निवेदकको विवरण

- नामथरः
- ठेगानाः माण्डवी गाउपालिका वडा नं ...टोल.............
- उमेरः लिंगः
- राष्ट्रिय परिचयपत्र /नागरिकता नम्वररः
- हाल गरिरहेको पेशाव्यवसायः/
- संलग्न रहेको समूह र अध्यक्षको नामः

<u>निवेदक</u>

नामथरः

हस्ताक्षरः

माण्डवी गाउँपालिका
गाउँपालिकाको कार्यालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

प्रकाश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

प्रतिवद्दता पत्रको नमुना

हामी ........................................समुहका तपसिल वमोजिमका सदस्यहरु माण्डवी गाउपालिकावाट प्रदान गरिने पञ्चे तालिम लिइसके पश्चात पञ्चेबाजा वजाउने कार्यलाइ व्यवसायिक रुपमा सञ्चालन गर्नेछौ। गाउपालिकावाट आयोजना हुने समारोहहरुमा र गाउपालिकावाट सिफारिस गरिएका विभिन्न समारोहहरुमा  पञ्चेबाजा सहित उपस्थित हुनेछौ भनी समूहका तर्फवाट एकमुष्ट रुपमा प्रतिवद्दता व्यक्त गर्दछौ।

तपसिल

| नाम | हस्ताक्षर |
| --- | --- |